# नगरकार्यपालिकाको कार्यालय

## शुभाघाट, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

**विषयः दरखास्त आह्वान गरिएको सम्बन्धी सूचना।**

**सूचना नं. ०१/२०८२/०८३**

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२।०९।०९)

जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (लक)अन्तर्गत स्थानीय सरकार/उपभोक्ता समितिहरूलाई प्राविधिक सहयोग गर्न तथा वन व्यवस्थापन,जीविकोपार्जन,सरसफाइ तथा स्वच्छता, खानेपानी, सिचाइ र सामाजिक परिचालन सम्बन्धी कार्यमा सहजीकरण गर्ने कार्यका लागि गुर्भाकोट नगरपालिकामा परियोजना कार्यान्वयन इकाईका लागितपसिलको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट निम्न पदहरूको लागि रीतपूर्वक दरखास्त फारम पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

दरखास्त साथ संलग्न गर्नु पर्ने कागजातहरूः

- संक्षिप्त वैयक्तिक विवरण (आवेदकको दस्तखत सहितको)
- नागरिकता, शैक्षिक प्रमाणपत्र,तालिम सम्बन्धी प्रमाणपत्र तथा कार्यानुभव प्रमाणपत्रहरूको प्रतिलिपि
- अपाङ्गता भएमा परिचय पत्रको प्रतिलिपी
- विभिन्न जातिको साझा थरको हकमा जातियता प्रमाण पत्रको प्रतिलिपी

**तपसिलः**

क) आवश्यक पदहरू र न्यूनतम योग्यताः

| वि.नं. | पद | तह/संख्या | कार्यस्थल | न्युनतम शैक्षीक योग्यता तथा कार्य अनुभव |
|---|---|---|---|---|
| ०१-२०८२/२०८३ | जलवायु परिवर्तन स्थानीय अनुकूलन (लक) परियोजना अधिकृत | अधिकृत छैटौं तह-१ जना | नगरकार्यपालिकाको कार्यालय | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातक तह उतीर्ण गरी खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, योजना तर्जुमा, जीविकोपार्जन आदि क्षेत्रमा न्यूनतम पाँच वर्षको अनुभव प्राप्त। |
| ०२-२०८२/२०८३ | सब-ईन्जिनियर | सहायक पाँचौ तह-१ जना | नगरकार्यपालिकाको कार्यालय | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङमा प्रविणता डिप्लोमा उतीर्ण गरी खानेपानी सरसफाइ स्वच्छता, सिचाइ, प्राकृतिक स्रोत व्यवस्थापन, योजना तर्जुमा तथाजीविकोपार्जन सम्बन्धी योजना सर्वेक्षण, डिजाइन तथा निर्माण सुपरिवेक्षणमा न्यूनतम तीन वर्षको अनुभव प्राप्त। |
| ०३-२०८२/२०८३ | जलस्रोत प्राविधिक | सहायक चौथो तह-१ जना | वडा कार्यालय वा योजना क्षेत्र | सिभिल इन्जिनियरिङ विषयमा प्राविधिक स.इ.इ./ एस.एल.सी.वा मान्यताप्राप्त शैक्षिक संस्था र परियोजनाबाट कम्तीमा ३० दिने खा.पा.स.टे.तालिम प्राप्त।<br>खानेपानी सरसफाइ स्वच्छता, सिंचाइ,बहुउपयोगी |

कृष्ण प्रसाद पोखेल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| वि.नं. | पद | तह/संख्या | कार्यस्थल | न्युनतम शैक्षीक योग्यता तथा कार्य अनुभव |
|---|---|---|---|---|
| | | | | योजना, कृषि,बायोइन्जिनियरिङ्गवा अन्य सम्बन्धित पूर्वाधार निर्माणको कार्यान्वयनमा कम्तीमा ५ वर्षको अनुभव। |
| ०४-२०८२/२०८३ | सामाजिक परिचालक | सहायक चौथो तह-१ जना | वडा कार्यालय वा योजना क्षेत्र | एस.इ.इ./एस.एल.सी. वा सो सरह । खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि, जीविकोपार्जन क्षेत्रमा क्षमता विकास,सामाजिक परिचालन, योजना तर्जुमा आदिमा कम्तीमा २ वर्षको अनुभव। |

**ख) अन्य विवरणः**

- पहिलो पटक सूचना प्रकाशित भएको मितिदेखि १५ (पन्ध्र) दिनभित्र आवेदन गुर्भाकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सुभाघाट, सुर्खेत कार्यालय समयभित्र बुझाउनुपर्नेछ । दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नु पर्नेछ।
- विदेशी विश्वविद्यालय, विद्यालय वा संस्थानबाट जारी गरिएको शैक्षिक प्रमाणपत्र भएका आवेदकहरूले नेपालको आधिकारिक संस्थाबाट समकक्षताको प्रमाणपत्र पेश गर्नुपर्नेछ। आवश्यक समकक्षता प्रमाणपत्र बिनाका आवेदनहरू स्वीकार गरिने छैन।
- कर्मचारीहरू परियोजना कार्य अवधीको एक वर्षे कार्यसम्पादनमा आधारित सेवा करारमा (कार्यसम्पादनको आधारमा नवीकरणको सम्भावना सहित) नियुक्त गरिनेछ ।
- स्थानीय व्यक्तिहरू, महिला,दलित तथा पछाडि परेका जातीय समुदायका व्यक्तिहरूलाई प्राथमिकता दिइनेछ ।
- विज्ञापन प्रकृयामा प्राप्त भएका आवेदनहरूलाई गुर्भाकोट नगरपालिकाको कार्यालयले कुनै कारण खुलाई वा नखुलाई स्वीकार वा अस्वीकार गर्न सक्नेछ ।
- लिखित परीक्षा तथा अन्तर्वार्ता दुवै सञ्चालन गरिनेछ । छोटो सूचीमा परेका उम्मेदवारहरूको लागि लिखित परीक्षाको तालिका नगरपालिकाको सूचना पाटी तथा बेवसाईटमा प्रकाशित गरिनेछ ।
- बिज्ञापनका प्रत्येक पदको सेवा सर्तहरु (ToR)र वैयक्तिक विवरण (CV)ढाँचा हेर्न नगरपालिकाको वेभ पेज www.gurbhakotmun.gov.np र LACC परियोजनाको वेभ पेज www.laccp.org.np बाटडाउनलोड गर्न सकिनेछ । तोकिएको ढाँचाबाहेक अन्य ढाँचामा पेश गरिएको वैयक्तिक विवरण (CV) स्वीकार गरिने छैन ।
- दरखास्त दस्तुरः- अधिकृतस्तरको लागि रु. १२००।– (अक्षेरुपी बाह्र सय मात्र), सहायक पाँचौस्तरको लागि रु. ७००।– (अक्षेरुपी सात सय मात्र) र सहायक चौथोको लागि रु. ५००।– (अक्षेरुपी पाँच सय मात्र) । दरखास्त दस्तुर गुर्भाकोट नगरपालिकाको राजश्व शाखामा दाखिला गरि सो को भौचर आवेदनका साथ पेश गर्नुपर्ने छ ।

गुर्भाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

कृष्ण प्रसाद पोखेल
प्रमुख प्रशासकीय अधिकृत